# प्रदेश सभा

**सुदूरपश्चिम प्रदेश**

२०७६/ ११ /०२

पांचौ अधिवेशन

(आठौं बैठक )

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

माननीय सदस्यहरू,

यस सभाको पांचौ अधिवेशनको आठौं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

**ढ्याप्ढापेमा माननीय कर्णा वहादूर मल्ल**

अब, **"**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

**"**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** माथि अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भनि प्रदेश सभा नियमावली, २०७४ को नियम **१२१** को उपनियम (**२**) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई अनुमति दिन्छु ।

**माननीय सदस्यहरू,**

अब म, उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्टले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ *"नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६"* माथि अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, **"**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** माथि दफावार छलफल समाप्त भई अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलछफलमा

अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक मा० सदस्यहरूको लागि ५ (पाच) मिनेटको समय निर्धारण गरेको छु ।
सर्वप्रथम मा० लिलाधर भट्ट लाई समय दिन्छु ।

**माननीय लिलाधर भट्ट :**
मानिय समामुख महोदय "नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६" आज यो सदनमा आएकोछ । समेतिमा दफावार छलफल गरेर व्यापक छलफल गरेर पनि आज जुन छलफल छ।यसुकोलागि समवनधित मन्त्रालय र समवन्धित मन्त्री ज्यूलाइ म धन्यावाद दिन चाहान्छु । ढिलै भएपनि एउटा सवधेयकको प्रारुप हाम्रो सामुन्ने प्रस्थुत भएकोछ । र मुख्य रुपले यो विधेयकमा धेरै कुरामा छलफल गर्नु पर्ने जस्तो मलाइ लाग्छ । जसरि यो आउनु पर्ने सथयो त्यसरि आएको छैन। समग्रमा यो विधेयकको नामै चेन्ज हुनुर्प जस्तो मलाइ लागछ। जसको नाम प्रादेशिक व्यवसाय विधेयक निजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक २०७६हुनु पर्ने थियो। जसमा निजि वव्यवसाय भित्रका प्रकार हरु के.के हुन भन्ने कुरा पनि याहाँ राख्नुपर्छ भन्ने मलाइ लाग्छ । यसको प्रस्तावनामा नभएको कुरा र त्त भन्नेकुरा प्रस्तावनामै देखिएकोछ । जो आफैमा नमिल्ने कुरापनि छ। प्रस्तावनामा निजि व्यवषाय दर्ता गर्ने र त्त सम्वन्धि व्यवस्था गरि प्रस्थापनामा त्त भन्नेकुरा प्रस्थापना हुन्छकी हुदैन भन्ने जस्तो मलाइ लाग्छ। यसको प्रस्तावनामै मैले केहि सव्दावलि राख्ने कोसिस गरेकोछु । जसमा व्यपार व्यवशाय लाइ केहि पार दर्सि व्यवस्थित वनाइ उपभोक्तार व्यसायिलाइ व्यवसाय मैत्री वनाउनको लागि प्रदेश भित्र हुने व्यवसाय लाइ नियमन्न र व्यवस्था गर्नको लागी  भनेर यसको स्पस्ट रुपमा प्रस्तावनामानै किलियर गर्नु उर्ने जस्तो मलाइ लाग्छ। साथ साथै यो विधेयकमा दर्ता सम्वन्धि कुरा हरुमात्रै उल्लेख छन। जसका कारण दर्ता र निगमन भन्ने कुरा यसमा उल्लेख छैन। विधेयकले कानूनको रुप धारण गरिसके पछी दर्ता पछिका पुरा केहुन? ति कुराहरु पनि स्पस्ट पार्नुपर्ने जस्तो देखिन्छ। मैले केहि वुदाहरु वुदागत रुपमानै उठान गरेकोछु । दफा ३ मा थप गरेर १ दफा राख्नु पर्ने देखिन्छ। अन्य प्रदेशको दर्ता सम्वन्धीत प्रदेशको मात्रै दर्ता गरेको देखिन्छ । अन्य प्रदेशमा दर्ताभइ यस प्रदेशमा व्यवसाय संचकन गरिरहेका कारोवार गनृकालागि दर्ता गर्ने निकायमा अभिलेखन गर्नुपर्नेछ। साथै यो ऐन लागुहुनुभन्दा पहिले संभालनमा रहेका हरुलाइ दर्ता अभिलेखमा दर्ता भएको हुनु पर्नेछ ।यो १ उपदफा थप्नु पर्ने देखिन्छ। किनकि हनम्रो देसमा अन्य प्रदेशमा पनि दर्ता भएका व्यवसाय हरु यो प्रदेशमा पनि संचालना रहेका हुनसक्छन तर यो विधेयकमा कुनैपनि व्यवस्था भएको मैले देखेको छैन। त्यसै गरि दफा ४ यपदफा ७ मात्रै याहाँछ। एउटा उपदफा थप्नु पर्छ भन्ने मेले राखेकोछु । यसमा उद्योग सम्वन्धी व्यवस्था यो प्रस्थापनामाछ ।तर यद्योग खोल्दा पर्तेयक व्यवसायिले यद्योग दर्ता हुदा ऐन वमोजिम र उद्योय स्तरिय उद्योग को स्थर किसिम र स्थान जग्गाको कित्ता नम्वरलाइ पनि उल्लेख गर्नुपर्ने कानूनी प्रावधान जुन हाम्रो संघिय कानून नितिछ यस अनुसा स्पस्ट पार्नु पर्छ भन्ने मलाइ लाग्छ। दफा ५ गो ऐनले तोके वमोवमि दर्ता र अद्धावधि यो ऐनले तोके वमकोजिम हुनेछ भन्ने जुन गाहाँ उल्लेख गरिएकोछ । तर धेरै वुदा हरुमा तोकिए वमोजिम हुनेछ मात्रै भनिएकोछ। जस्ले गर्दा ऐन वनिसके पछि नियमावलि वन्नु पेर्न र नियमावलि नवनिसकेपछि यो ऐन कर्यान्वयन नहुने खतरा पनि देखिन्छ। अर्को तरि नियमावलि वनाइ सकेपछि ऐन वनायदा हमिले छुट्टै झन्वटमा फस्ने सम्वाधना हुन्छ। मुख्य कानुनमा स्पस्ट कुरा नहुदा यसलाइ दफा ५को उपदाफा १ लाइ भन्ने तोकिए वमोजिम हुनेछ भन्ने ठाउमा प्रमाण पत्रको अध्यावधि ३ वर्ष हुने छ र अद्यावधिककमे अवधि २ वर्ष हुनेछ भनि स्पस्ट व्यवस्था गरिनु पर्नेछ। सथै दफा न. ५को उपदफा ३ थपगरि निजि व्यवसाय नविकरण गराउन चाहाने व्यवसायिले देहाय वमोजिमका कागज पत्र संलग्न गराइ भनेर नविकरणको लागि पनि हामिले स्पस्ट व्यवस्था गरायनु पर्छ भन्ने जस्तो मलाइ लाग्छ। जस्तै  क. दर्ता न. स्थायी लेखा न. प्रमाण पत्रको पर्तिलिपि अघिल्लो सालको कर तिरेको कागज पत्रको पर्तिलिपी २० लाख वा २० लाख भन्दा वढि पुजि भएका व्येक्ती वा संस्थाले लेखा परिक्षणको पर्तिवेदन समेत पेष गर्नु पर्छ भनेर यो दफामा राख्ने मैले

सुपभ्काव राखेकोछु । यसैगरि दफा न. ६ मा स्थानिय तहले व्यवसाय दर्ता गर्दा समवन्धित तोके अनुसारको छ । हाम्रो संविधानले दिएको व्यवस्था अनुसार हामिले तोकेको भन्दाखेरी दर्ता गर्न सकिने हामिले केके दर्तात ागर्न सक्छौ हामिले त्यसको व्याख्या र त्यसको अधिकार क्षेत्र समेत किलियर गर्नुपर्ने देखिन्छ । तोके अनुसारको हुनेछ भनेर हामिले ऐनमानै राखिदियौ भने तोक्ने कुरा नियमावलिले गरिदियो भने यसलेपनि धेरै अर्थ राख्छ। यसैगरि दफान. ८ विवरण हेरफेर गर्नु परेमा स्विक्रति लिनुपर्ने भन्ने दफाछ । यसमा तोके वमोजिम भनिदियो भने पनि यसमा कुनैपनिकुरा स्पस्ट गरिएको छैन ।र उपदफा १ को ४ वमोजिम दर्ता गर्नुहुने कुनैपनि व्यवसायिले दर्ताहुने नकिायममा दिएको निवेदनकौ आधारमा कुनै हेरफेर गर्नु परेमा सम्वन्धित व्यवसायिले दर्ता गर्ने निकायमा निवेदन दिनुपर्नेछ । र दर्खास्त परेको निकायले स्विकृत भएपछि मात्र त्यसको कारोवारलाइ हेरफेर गर्नु पर्नेछ भन्ने कुराको स्पस्ट गर्नु पर्छ । २ न.मा कुनैपनि प्रोपराइटरले आफनो नाम परिवतृन गर्न चाहेमा वा कुनैपनि प्रोपराइटरले आफनो व्यवसाय परिवतृन गर्न चाहेमा सम्वन्धित निकायमा निवेदन दिइसकेपछि सम्वन्धित दर्तावाला निकायले छानविन गरि त्यो व्यवसायलाइ परिवर्तन गर्नु पर्छ भन्ने कुराको पनि हामिले स्पस्ट व्यवस्था गर्नुपर्ने देखिन्छ ।यसैगरि निजि व्यवसायले कारोवार ठाउ सारिगर्न चाहेमा सम्वन्धित नकिायमा ठाउ सारिपाउ भनि निवेदन दिएमा र दर्ता गर्ने निकायले टाउसारिका लागि स्विकृती दिएपछी दर्ता गर्ने व्यवसायि लाइ टाउ सार्नको लागि स्पस्ट वयवस्था गर्नु पर्ने देखिन्छ । यो विधेयकमा दर्ताका कुरा मात्रै उठेकाछन । यसलाइ निगमन र संचालन गर्नु पर्ने कुरापनि कुनैपनि व्यवसाय दर्ता गरिसकेपछी हामिले निगमन गर्नु पर्ने कुरा पर्तेक व्यवसामा अनिवार्य देखिन्छ । वसमा उपभोत्ताको हित वस्तु र सेवाको निगमन को लागि लेवल लगायनु पर्ने र अनुचित व्यवसायलाइ माग र आपुर्ति र मुल्यको वारेमा पनि किटानि हुनुपर्ने व्यहोरा गरिनु पर्ने वसतु र सेवाको अन्य कामको वारेमा पनि व्याख्या गरिनु पर्ने उत्पादनको दायित्व उत्पादकको दायित्व सेवा पर्दायकको दायित्व विल विजकको व्यवस्था पनि त्यसैमा राख्नु पेर्ने देखिन्छ । यसका साथसाथै वस्तु फिर्ता गर्न सकिने मुल्य सुचि तथा प्रमाण पत्र पेष गर्नु पर्ने निरिक्षक अधिकृतको व्यवस्था गरिनु पर्ने निरिक्षकको काम कर्तव्य तोकिनु पर्ने उपभोग्य वस्तुको उपभोग सम्वन्धि विवरण टासिनु पर्ने प्रदेश उपभोक्ताको परिचय दिनु पर्ने प्रदेश र विल्ला अनुगमन समितिको किटान हुनु पर्ने स्थानिय वजार र प्रदेश अनुगमन समितिको समेत किटाानि हुनुपर्ने हुन्छ । यसमा यस्ता वुदाहरु राखिनु पर्छ । यसका साथै दण्ड सजाय र जरिवानाका कुरा हरु पनि हामिले विधेयकमै किटानि गर्नु पर्ने देखिन्छ । यदि हामिले कसुर र वरिवना सम्वन्धि व्यवस्था हामिले विधेयका राखेनौ भने यसले पनि भावि दिनमा अपराधिक क्रियाकलाप हरु हुन सक्ने उपभोक्ता लाइ ठगिहुन सक्ने र विभिन्न व्यवसायमा संलग्न हुन सक्ने क्रिया कलापमा पनि ऐनमा स्पस्ट व्यवस्था हुनु पर्ने वरुरिछ । यसका साथै दस्तुर वमा गर्ने राजस्व संकलन गर्ने र राजस्वको वाड फाडमा पनि हामिले स्पस्ट हुनु पर्ने देखिन्छ । यसको अधिकार पर्त्योजनका कुराहरु पनि हामिले यो विधेयकमा कुन कार्यालयले के अधिकार पर्योग गर्ने कति समको अधिका पर्योग गर्ने भन्ने कुरा पनि विधेयकमा राख्न सकियो भने हामिले साच्चिकै निजि व्यवसाय दर्ता ऽसम्वन्धि यो विधेयकलाइ प्रभाव कारि दर्ता मात्रै हैन यसलाइ कार्या न्यन गर्नको लागि यो प्रदेश भित्र संभालन हुने व्यवसाय हामिले पार दर्सि र हामिले यो पूदेशको लागि उकदमै महत्व पुर्ण विधेयको रुपमा हुनेछ भन्नेकुरा राख्दै राखेका प्रस्ताव हरुलाइ यो विधेयकको अंगको रुपमा छलफल गरियोस भनि आफ्ना प्रस्ताव राख्न चाहान्छु हवसत धन्यावाद

**मा० डिल्लीराज पन्त**

माननीय सभामुख महोदय निजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवसथा गर्न वनेको वधियक सदनमा दर्ता भएको छ । यसको लागि म मनत्री यरिसद लाइ धन्यावाद दिन चाहान्छु । एउटा थेगो वनिसकेको छ। ढीलै भउपनि आयो । वति पनि आउछन यहि भन्ने गरेकाछौ ढीलो भयो । आवपनि त्यहि भनिनेछ। ढिलै भएपनि आएकोमा धन्यनवादछ । यो जुन विधेयक आएको छ। यसले सुदूर पश्चिम प्रदेशको आयमा धेरै ठुलो पर्भाव पार्छ । आफ्नो खुट्टामा उभिनका लागि यो विधेयकले सम्वाको रुप लिनेछ भन्ने मलाइ लागेकोछ । यति ठुलो विधेयक चार पानामा सकिएकोछ । यसलाइ अलि ठुलो वनाउनु पर्छ । पिनकि अहिलेको सरकारको निति पनि ३ खम्वे निति रहेकोछ । ३ खम्वे निति अन्तरगत यो निजिलाइ पनि विशेष प्रार्थमिक्तामा राखिएको हुनाले

एसलाइ अलि विस्तार गरेर लैजानु पर्थ्यो भन्ने मलाइ लागेको छ। धेरै कुरा हरु एमा छुटेकै हुन नछुटेका भने हैनन् । यसमा खालि दर्ता सम्वन्धी मात्रै छ। व्यवसाय लाइ उकास्ने र व्यवसायलाइ प्रोत्साहन गर्ने कुराहरु खासमा यसमा केहिपनि देखिएनन् । अनुगमनका कुराहरु पनि यसमा उल्लेख गरिएका छैनन् यसलाइ अलि विस्तार गरेर लैवानु पर्छ भन्ने हाम्रो सोच रहेकोछ । यो इक दूइ कुरा ४ मा आएकोछ । समयमा पेष नगरेको खण्डमा उपदफा १ जमोजिम मागिएको विवरण तोकिएको समयमा माग गर्नु त्यस्तो निजि व्यवसायको कर्तव्य हुनेछ । भनेछ । तर त्यस्तो नगरेको खण्डमा त्यसको तल्लो ११को ख– मा दिएकोछ । त्यस्तो व्यवसायको धनिले आवस्यक कारण दर्साइ आफ्नो व्यवसाय खारिज गरिपाउ भन्ने सम्वन्धित निकायले माग गरेको दफा वमोजिमको विवरण तोकिएको अवधिमा पेष नगरेमा निजको व्यवसाय दर्ता खारिज हुने कुरा लेखिएकोछ । यसमा पनि अलिकाति व्यवसायलाइ अलिकति फराकिलो ठाउ दिनु पर्थ्यो । जो कागजात पेस गर्नु पर्नेहो त्यो समयमा पेष नगरेको खण्डमा कहि समय थपिदिने यसले मागेको समय नदिएको खण्डमा खारेजि गरिदिने भन्नेकुरा अलि थपिदएिको भइ हुने थियो भन्ने जस्तो मलाइ लागेको छ । त्यस्तै दफाको अन्तमा मैले याहाँदेखे दफा ४ जमोजिम झुट्टा विवरण पेस गर्ने अथवा दफा १० को उपदफा २ वमोजिम झुट्टा विवरण पेष गर्ने व्यक्तीलाय १०००० देखी २५००० सम्म जरिवना लाग्ने भनेकोछ । यसमा अलिकति मलाइ अफ्ठेरो केलागेकोछ भने यसलाइ अलिकति सच्याउन पाएको भए झुट्ट विवरण पेष गर्ने व्यक्ती ले उनमुक्ती पाउनेभयो । पटक पटक झुट्टा विवरण पेषगर्ने र झुट्टा विवरण पेषगर्दै जाने र उनमुक्ती पाउदैजाने याहाँ धनगढीमा एउटा केस चलेको छ । माननीय ज्यू हरुलाइ थाहै पनिहोला म भनिदिन्छु । याहाँ औषधि व्यवसायि हरुले ठेका पट्टामा फड विल पेष गरेर अहिले तिमाथि मुद्दा चलेकोछ । त्यस्तै कसैले फ्डविल राखेर गर्छभने त्यसले २५००० तिरेर उनमुक्ति पाउने भन्दा पनि अन्तिम त्यसको केहो त्यसको कानुनी प्रोसेस केहिपनि देखिएन । खालि २५००० मा मात्र त्यसलाइ सिमित गरिएकोछ । जति चोटि फड गर्या त्यती २५००० तिर्ने र उनमुक्ती पाउने याहाँ धेरैकुराहरु देखिए सवै ठाउमा व्यवषयको धनि भन्ने पनि याहाँ देखिएकोछ । जसरि व्यवसायको परिभाष लेखिएको छ । त्यसरिनै व्यवसायिको परिभाा पनि लेखिदिएको भए सजिलो हुने थियो यसले भाषमा सुद्धिकरण हुनेथियोकि जस्तो मलाइ लागेकोछ । अन्मा निजि विधेयक ल्याएकोमा यो सरकारलाय धन्यावाद दिनभाहान्छु । यो साझेदारिमा पनि जोडिदिएको भइ अझ राम्रो हुनेथियो२–२ वटा विधेयक वनाउनु भन्दा पनि एउटै विधेयकमा राखिदिएको भए राम्रो हुने थियो । हवसत धन्यावाद

**मा० दुर्गा कुमारी कामीः**

माननीय सभामुख महोदय उद्योग, वन तथा वतावर्ण मन्त्रालयले जुन विधेयक यो टेवल गरेको छ । यो एकदमै महत्व पुर्णछ । यो सदुरपश्चिमका व्यवसायि हरुका लागि एकदमै महत्वपुर्णछ । समयमै आउनु पर्ने थियो ढिला आएपनि यो विधेयकको स्वागत गर्न चाहान्छु । यो टेवल भैसकेपछि समितिमा दफावारको पर्क्रिया पुरा भैसकेकोछ । दपावार छलफल गर्दा समितिले धेरैकुरा छलफल गरेर ल्याएकोछ । यसमा मेरो धेरै टप्पणित छैन तर यसमा केहि केहि कुरा हरु यसमा छुट्न गएकाछन । तिकुरालाइ पुर्णता दिएर यो सभाले यो विधेयकलाइ पास गर्नुपर्छ भन्ने मेरो मान्यता रहेकोछ । यसको दफा ४मा संसोधन भएको ले उस्ता उस्तै छ र यो संसोधनको दफा राखिराख्नु पर्दैन किनभने यसमा केहिपनि संसोधन नभएकोले यसा संसोधनको वुदा राखिराख्नु पर्छ जस्तो मलाइ लाग्दैन । त्यसैगरि दफा ६ मा यो दर्ता गर्ने र नविकरण गेर्न कुराहरु स्थानियले गर्ने भन्ने कुराछ यसमा संसोधनमा पनि उस्ता उस्तौ कुरा आएकोले यसलाइ संसोधनमा राख्नु पर्छ जस्तो मलाइ लाग्दैन । त्यस्तै दफा १२ को २ मा यो झुट्टा विवरण अघि माननीय ज्यूले भनिसक्नु भइकोछ । यसमा पटक पटक ठगिराख्ने व्यक्तिलाइ अलि प्रोत्साहन हुनेपो होकि ? यसमा केहि कडाइका साथ ल्याउनु पर्छ भन्ने मेरा मान्यता रहेको छ । त्यसको साथ साथै हामि समतामुलक समाज निर्माणको लागि हामि त्यसको अभियान तिर हामि लागेकाछौ । त्यसो भएको हुनाले सिमान्तकृत वर्ग महिला र पछाडि पारिएका वर्गको हकमा यदि उहाँ हरुले व्यवसाय चलाउन चाहेको खण्डमा दलित महिला र एकल महिलाको हकमा दर्ता र नविकरण गर्ने कुरामा केहि हिलियतको व्यवस्था गरिनु पर्छ । भन्ने मलाइ लाग्छ । त्यसो भएको कारणले एउटा वुदा थप गरेर यो व्यवस्था गराउनु पर्छ । जस्ले गर्दा हामिले पछाडि पारिएको वर्ग र महिला हरुलाइ उद्यम सिलता वनाउने कुराको लागि हामिले यिकुरालाइ व्यवस्थित गर्न सकेनौ भने त्यो समुदाय र त्यो वर्ग अगाडि आउन

सक्दैन त्यो क्षेत्रको विकास हुन सक्दैन त्यसो भएको कारणले म अनुरोध गर्न चाहान्छु एउटा वुदा थप गरेर यो व्यवस्था राख्दै यो जो संसोधन सहित आउको विधेएकछ । यो सदन वाट पासहोस भनेर यो सभालाइ अनुरोध गर्न चाहान्छु माननीय सभामुख महोदय मैले खाफ्नो निर्वाचन क्षेत्र अछाम जिल्ला पञ्च देवल विनायक नगर पालिका वडा न. २ कम वडा अध्यक्षको को हत्या भएको आज १२ दिन भैसकेकोछ । अहिले सम्म हत्याराको कुनै पनि अनु सन्धानले पत्तो लागेकबो छैन। पुरै नगरपालकिा का सरकारि कार्यालय हरु मात्रै वन्द गरिएका छन । दोशि पत्ता लगाउन सम्वन्धित निकायले कुर्नैपनि पहल कदमि गरिकाखेको छेन भन्ने सर्व साधर्णको गनासो रहेकोछ । नगर पालिकाले कार्यालय वन्द गर्ने कामत गर्यो ।एउटा निर्णय गर्यो पोस्तमाडम गरेर छिटो भन्दा छिटो लाा जलाउने राहत र क्षेतिपुर्ति सरकार संग माग गर्ने भन्नेकुरा नगर पालिकाले गर्यो । सर्कारि कार्यालय हरु वन्द गर्नेकाम भयो तर अनुसन्धान फितलो भयो भन्नेकुरा आम सर्वसाधार्णको गुनासो रहेकोछ । खालि जनतालाइ दु.ख मात्रै दिने कामहो अनुसन्धान गर्नेहौ भने पुरै नगरपालिका वन्द गरेर अनुसन्धान गरियोस । यदि सरकारी कार्यालय प्रति संका लागेकोछ भने प्रतेक कार्यालय हरुलाइ अनुसन्धानकौ दायरामा ल्याइयोस । तर सरकारी कार्यालय मात्रै वन्द गरेर जनतालाइ मात्रै दुख दिने अनुसन्धानको कार्यलाइ अगाडि नवडाउन कुराले गर्दा निर्मला पन्तको हत्यारा अहिले सम्म पत्ता लागेको छैन । त्यसै गरि सोहि पालिकाको एकजना नवराज विस्टको पनि हत्यारा अहिले सम्म पत्ता लागेको छैन । त्यस्तै हुन्छकी भन्ने संका सर्व साधार्णको पनि छ र हाम्रो पनिरहेकोछ । छिटो भन्दा छिटो अनुसन्धानको प्रक्रीया अगाडि वडाएर कानुनी कार्वाहि गरियोस भन्ने भनाइ राख्दै विदा हुन्छु हवस्त धन्यावाद ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय आज हामि निजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक माथि हामि छलफल गरिरहेकाछौ । ढिलै भएपनि यो महत्व पुर्ण विधेयक भएकोले म यसको स्वागत गर्न चामानछु । अव किसान हरुले निजि व्यवसाय दर्ता गराएर संचालन गर्न पाउने छन । त्यसकारण यो एकदम महत्वपुर्ण विधेयक हो । साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा वनेको विधेयक र निजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा वनेको विधेयक २ वटै संसगै आएकोले आव साझेदारित छेन आज हामि निजिविधेयकमा छलफल गर्न गैरहेका छौ । यिटुक्रा टुक्रा अइ रहेछ । वुन हामिले छलफल गर्यौ रेडियो प्रसारण सम्वन्धमा व्यवस्था गर्नवनेको विधेयक थियो पनि मैले अपुरो विधेयक देखे तर त्यति वेला म याहाँ थिएन काठमाण्डौ थिए त्यसमा मैले भागलिन पाएन याहाँ भएको भए म भन्ने पनि थिए। त्योपनि अपुरो विधेयक प्रेश र पत्रिका त्यमा समेटिएको छेन। अव यो टुक्रा विधेयक आउनुको पछाडिको कारण केछ त्यो कारण हामिलाइ पनि जानकारि गराउनु पर्छ । अर्को कुरा जुन हामिले निजि व्यवसाय सम्वन्धि हामिले जुन छलफल गरिरहेकाछौ। हाम्रो प्रदेशमा यद्धोग कलकारखानाको लागि हामिले यो विधेयक वनाएकाछौ । यसमा मैले देखे अनुसार अनुगमन छैन यसमा यो अनुगमन पनि यसमा थप्नै पर्छ।अनुगमन कपन भने अहिले सम्म जुन संचालनमा रहेका उद्धोग हरुछन। कुन अवस्थामा संचालनमा छन र कसरि संचालनमा रहेकाछन । यनिहरुले कसरि गरिरहेका छन अहिले सम्म त्यो सम्वन्धि हामिसंग डाटा छेन । त्यो डाटा संकलनका लागि अनुगमन आवस्यक हो र यो अनुगमन राख्न जरुरिछ। हामिले निजि व्यवसाय वा साझा व्यवसाय खोल्दा खेरि व्यवसायि हरुलाइ उद्ध्योगि हरुलाइ हामिले प्रोत्सान पनि गर्नुपर्ने हुन्छ । यसमा प्रोत्साहनकुनै व्यवस्था छैन। यसकोपनि हामिले व्यवस्था गर्नु पर्ने हुन्छ । हिमले विधेयक लाइ पर्भावकारि वनउनकोलागि ऐन कानून मात्र वनाएर पुग्दैन ।ऐन कानून वनाउनु ठुलोकुरा हैन यसलाइ कार्यान्वयन गर्नु ठुलोकुरा हो । त्यसैले यो कानूनलाइ कार्यान्वयन गराउन तिर सरकारको ध्यान जावस । माननीय ज्यू हरुले भनेको कुरामा शत प्रतिशत सहमत हुदै म केहिकुरा भन्न चाहान्छु । १२ को दफा ४ मा जुन कुरा यसमा लेखिएकोछ। पर्मुखले जरिमाना तोक्नेछ । भन्नेछ यमा जरिमानाले मात्रै यसमा उन्मुक्ति पाउनेछ । यसमा पर्मुखले जिम्मेवारि पाउनेमा व्यवसायिले खारिगर्न पाउनेछ

भन्ने थप्नु पर्छ भन्न म चाहान्छु धन्यावाद

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक वसरि समितिमा दफावार छलफल पछि सदनमा हामि पारितका लागि जुटिरहेकाछौ । प्रदेश र राष्टको गरिमा व्यवसाय संग पनि जोडिउको छ । हामिलाइ थाहाछ । हाम्रो राष्ट्र अझै विकास उनमुख राष्ट्रको रुपमा अगाडी वड्न सकिराखेको छैन । त्यसमा पनि हाम्रो देश उद्ध्योग विकामा अगाडि वढनकोलागि अझै सहकारि हरुलाइ व्यवस्थापन गरेर संचालन गरे। साच्चिकै व्यवसायको हकहित र उपभोक्ताको अधिकारको मिलाएर समायोजन गरेर सम्वृधि संग जोड्न किरहेका छैनौ । जसरि हाम्रो प्रदेश सरकारले यो प्रदेशलाइ सम्वृध गराउने व्यवसायलाइ अगाडि वडाउने नियमनन् गर्ने अनुगमन गर्ने र प्रदेश सरकारलाइ मात्रै हैन आम उपभोक्ताको अधिकारलाइ सुनिस्चित गर्ने ढंगले ढिलै भएपनि व्यवसाय संचालन सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक अन्तिम छलफलमा पुगेकोछ । यसको प्रस्तावनामा दर्ता गर्ने सम्वन्धमा मात्रै भनिएको थियो । यसमा पनि कानून अधिकृत मुख्य न्यायिधिवक्ता र सवै विम्मेवार माननीय ज्यूहरुको विचमा छलफल भएर आएकोछ । अन्तमा सभापति ज्यूले अन्तमा सवैलाइ धन्यावाद भन्दापनि उदफा निजि व्यवसाय दर्तालाइ हटाएको देखिन्छ र अन्तमा फेरि दर्ता सव्द लेखिएकोछ । यसलाइ पनि अलि संसोधन गर्नु पर्छ जस्तो लाग्दछ । यसका साथै हाम्रो देशमा कानून हरु वन्दछन । जुन लक्षा र ध्येकासाथ वन्दछन । त्यसैअनुसार कानूनको कार्यान्वयन भएको कमै देखिन्छ । त्यसै सन्द्रभमा हामिले कानुनमा जता ततै कानूनमा तोके वमोजिम भनेर भन्दापनि कानूनमानै यसलाइ तोकिदिनु पर्छकि भन्ने हामिलाइ फिल भएकोछ । हरेक सामान्य सव्दले सव्दकोस हेर्नु पर्ने विज्ञ कोस समेत हेर्नुपर्ने र कानूनको सर्वोच्च र न्यनको सर्वोच्चता लाइ यसले अन्तर विरोधमा पार्ने र जनताको सार्वभौम अधिकार लाइ पनि यसले हस्तक्षेप गर्ने भएकोले सव्द स्पस्ट राख्न म सभामुख मार्फत यो गरिमामय सदनमा अनुरोध गर्न चाहान्छु । अर्को कुरा गरिव विपन्न अल्प संख्यक र पछाडि पारिएको वर्ग वा परेको वर्ग हाम्रो प्रदेश यस्तो प्रदेशहो जाहाँ हामि थुप्रै जनजनती अल्प संख्यक वस्ने क्षेत्रहो । यो क्षेत्रका जनताले व्यवसाय गर्दा अलि समावेसि पर्तिनिधित्व हुनेगरि पनि राख्न जरुरिछ । एउटा विढम्वनाको कुराकेहो भने हाम्रो व्यवसाय दर्ता ५० प्रतिशतले हुने र संभालन हुदा ५ प्रतिसत पनि नहुने यो समस्या हो । कसैले नविकरण समेत नगर्ने यस्तो अवस्था समेत देखिएकोछ । गर्नेलाइ प्रोत्साहन र नगरेर खालि संख्या वडायनेलाइ निलम्वन गरिनु पर्छ भन्ने मेरो अनुरोधछ। अन्तमा खुसिलागेको छ । व्यवसायि हरुको लागि महत्वपुर्णा विधेयक यो सभामा आएकोछ । यसकालागि धन्यावाद दिदै विदाहुन्छु धन्यावाद ।

**माननीय श्यामलाल राना थारुः-**

माननीय सभामुख महोदय हाम्रो सुदूर पश्चिम प्रदेश सरकारको तर्फ वाठ निजि तथा साझेदारि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयकमा अहिले छलफल भैरहेकोछ । वास्तम्मा यो विधेयक एकदम महोत्वपुर्णा पनिछ । किनकि हामि जहिले पनि उद्ध्योगको कुरागरिराखेका हुन्छौ । यसले वेरोजगारिको अन्त गर्ने र प्रदेशलाइ सम्वृद वनाउने कुरामा यो विधेयकले महोत्व पुर्ण भुमिका खेल्नेछ । यसो यो सरसरति हेरदा हुनत विषयगत समितिमा दफावार छलफल भएर आइसकेकोछ । मलाइ लाग्छ योभन्दा पहिलेका प्राइभेट फम ऐन २०१४ र यो विधेयकमा कुनै अन्तर छेन । हिजोका नियम कानून र वास्तममा हामि अहिले लोकतन्त्रको अभ्यासमा छौ । हामिले जनतालाइ उद्ध्योगि व्वसायि हरुलाइ प्रोत्साहन दर्ता गर्नु मात्रै ठुलोकुरा हैन । व्यवसाय संचालनको पर्कृया व्यवसायलाइ कसरि अगाडि वडाउन सकिन्छ त्यो महत्व पुर्णहो

। त्यसकारण यो विधेयकले सिमान्तकृत वर्ग जो एकदमै पिछडिएकव छ । उससंग पुग्योकि पुगेन भन्ने कुरा महत्व पुर्ण कुराछ । यो दर्ता गर्ने अभियानमा व्यवसायलाइ वर्गिकरण गरिएर जस्तै मैन वत्ति उद्ध्यो र मिललाइ एकै प्रकृया र एकै दस्तुरको द्रिष्टिकवणले हेरिन्छ भने त्यसैले यो विधेयकले अहिलेको अवस्तामा अर्थिक विपन्नता भएका व्कुतिलाइ पनि यसले समेट्नु पर्ने हो । किनकी हिजोका नियम कानुनमा भिन्न हुनु पर्थ्यो किनकि व्यवसाय हरु हिजो पनि दर्ता भैराखेकै थिए आजपनि भैराखेकै छन ऽ दर्तागर्न कुनै कठिनाइ छैन । दर्तगर्नु ठुलोकुरा हैन यसलाइ अलि सहज तरिकाले लगेको भए राम्रो हुने थियो। जस्तै व्यवसाय खोल्यो त्यसको साखा खोल्ने सम्वन्धमा यो विधेयकले वोल्नु पर्नेहो नाम र स्थान परिवर्तनको वारेमा यो विधेयकले उल्लेख गर्नु पर्नेहो । स्थिर पुजि कुल पुजि र सिमा मेत तोक्नु पर्नेहो यसले एउता केछभने पछि स्थानिय तहमा निजि व्यवसाय दर्ता र संचालन सम्वन्धि व्यवस्था तोकेवमोजिम हुनेछ । तर प्रदेशको क्षेत्राअधिकार कति स्थानिय तहमा पनि त्यो विधेयकलाइ दर्ता गर्नुपर्ने प्रदेशमा पनि अलगै निकाय वाट दर्ता गराउनु पर्ने यसरि व्यवसाय हरु दोहवरो करको मारमा पनि जान सक्छन। त्यसकारण यसमा पनि पर्स्ट हुनु पर्नेहो । अर्को कुरा व्यवसाय दर्ता गरिसकेपछि ति व्यवसाय हरु राम्रो संग संचालन नभएर धरासाइ भएको अवस्था पनि हामिहरुले देखेकाछौ । व्यवसाय दर्ता हुन्छन चल्न सक्दैनन् ति व्यवसाय वन्द हुन्छन। सामान्य मानिसको सोभाइमा केहुन्छभने व्यवसाय मैले दर्ता गरे चलाउन सकेन वन्द भयो खारेज भुकेको होला भन्ने सोचिन्छ। यो खारेजि हुनलाइ कानूनका विभिन्न दायरा हरु पार गरेर मात्रै यो खारेज हुन्छ। यो निजि व्यसाय खारिज गर्नसकिने भन्ने जुन दफाहरु छन । यसमा देखिएको छ तवकिउको अवधि भित्र नविकरण नगराएमा भन्नेछ । यसभित्र धेरै दफाहरु छन । अहिले सवै म भन्न सक्दैन किनकी स्वतह खारिज हुने व्यवस्था यात गर्नु पर्यो ।अहिले सम्मको केछभने जवसम्म स्वयम मैले व्यवसाय छोडिसके मेरो व्यवसाय खारिज गरिपाउ भनेर जादैन तवसम्म यो खारिज हुदैन । हामिले देखेकाछौ  यस्ता कुराहरु प्रचलित ऐनमै केछभनेपछि व्यवसायिले व्यवसाय गर्दा गर्दै उसको मृत्युभयो व्यवसाय ठप्प भयो उसको छोरा नाति हरुलाइ त्योकुरा थाहा छैन। मेरा पुर्खाले यो व्यवसाय गर्थ्यो उसले नविकरण गर्योकि गरेन। उलाइ थाहा हुदैन । पछि गएर उसका नाति हूले कुनै व्यवसाय दर्ता गर्न जादा टत्यस्को नागरिक्ता हेर्दा उसको बुवाको नाममा व्यवसाय रहेको देखिन्छ। त्यसपछि त्यो व्यवसायको छटेको वेलादेखिको पुरै नविकरण गरेर राजस्व तिरेर मात्रै खरिज गर्ने व्यवस्था रहेकोछ। धेरै त्यस्ता व्यवसाय मैले देखेकोछु। जुन वाखौ रुपयाँ नविकरण सुल्क तिरेर खारेज गरेको अवस्था छ । त्यो अनविज्ञका कारणले त्यो हुने व्यवस्था छ। त्यो जिम्मा सरकारले लिनेकि नलिने त्यसका वारेमा सरकारले पनि कुनै व्यवसायिले कुनै व्यवसाय दर्ता गरिसकेपछि त्यसले नविकरण गराएन भने त्यसको सुचना सम्वन्धित व्यक्तिलाइ दिनेकि नदिने त्यसैले सम्वन्धित व्यक्तिलाइ सुचनादिने कामपनि गर्नु पर्छ जस्तो मलाइ लागेकोछ। व्यवसायलाइ हामिले राहत दिनेकाम पनि गर्नु पर्छ। त्यसकारण यस्ता व्यवसाय धेरैछन हाम्रो प्रदेशमा हामिले हेर्यौ भनेत्यस्ता धेरैछन। त्यसकारणले यो विधेयकमा योकुरालाइ पनि यल्लेख गर्नुपर्छ जस्तो मलाइ गेकोछ। विकुरा पनि आउनु पर्छ। हुनत विषयगत समितिले यिकुराहरु समितिमा विज्ञहरु वोलाएर छलफल गरेको देखिन्छ । साथसाथै मेरो एउटा सुझव केछभन निजि व्यवसाय दर्ता मात्रै हैन । निजि व्यवसाय दर्ता संचालन र प्रवर्धनको वपधेयक वनाउनु पर्थ्यो यस्लाइ । हामि हेर्दैछै धेरै व्यवसाय संचालन भैरहेकाछन । उनिहरुको व्यवसाय फस्टाउन सकेको छैन। हामि साना उद्ध्यो पनि खोल्छौ मार्केदमा उसको डिमाण्ड छ। तर उसले कम्पटिसन गर्न नसकेर तिव्यवसाय हरु धरासाहि भएकाछन। त्यसैले ति व्यवसायलाइ कसरि अगाडि वडाउन सकिन्छ त्यस्को वारेमापनि यो विधेयकमा व्यवस्था भैदिएको भए झनराम्रो हुनेथियो भन्ने मलाइ लागेकोछ। धन्यावाद

**माननीय सदस्यहरू,**

**“**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**”** माथि दफावार छलफल समाप्त भई अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब विधेयक प्रस्तुतकर्ता उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्टलाई **“**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**”** माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमती दिन्छु ।

माइक वन्द भएर केहिपनि नसुनिएकोले

**माननीय सदस्यहरू,**

अब,म **“**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**”** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ,विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १२ (बाह्र) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनि सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ ***“नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६”*** माथि दफावार छलफलको कार्य समाप्त भई *अर्थ,विकास तथा प्राकृतिक स्रोत* समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि १२ (बाह्र) सम्मका उल्लेखित संशोधन वा थपहुनु पर्ने व्यवस्था सर्वसम्मतीले विधेयको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

**अ**ब म, विधेयकका २ देखि १५ सम्मका दफाहरू आनुसाङ्गिक अन्य दफाहरू, सम्बन्धीत उपदफाहरू **“**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**”** को अंङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि १५ सम्मका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरू र सम्बन्धीत उपदफाहरू सर्वसम्मतील *"नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६"* को अंङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**
अब, म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना:** व्यापार र उद्योग व्यवसाय गर्ने नीजि व्यवसायहरुको दर्ता,नियमनर तत् सम्वन्धि व्यवस्था गरी सुदूरपश्चिम प्रदेशको आर्थिक समृद्धी र आमजनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा १९७ वमोजिम सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ

<u>**संक्षिप्त नाम र प्रारम्भ:**</u> (१)यस ऐनको नाम **"नीजि व्यवसाय दर्ता ऐन, २०७६"** रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**
अब म, विधेयकको प्रस्तावना र नाम **"**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतीले *"नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६"* को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**
अव म, विधेयक प्रस्तुतकर्ता <u>उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्ट</u>लाई **"**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** लाई सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्न अनुमती दिन्छु ।

**माननीय सदस्यहरू,**
अब, म <u>उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्री माननीय माया भट्ट</u>ले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**(हुन्छ भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**(हुन्न भनेपछि)**

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ *"नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६"* सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

**"**नीजि व्यवसाय दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विधेयक,२०७६**"** माथिको कार्बाही यँही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल फाल्गुन ४गते आईतबार दिनको १०० बजे बस्ने भएकोले उक्त मिति सम्मकालागी बैठक स्थगित भएको घोषणा गर्दछु ।